आज मिति २०७४ साल पौष २३ गते आईतबारका दिन यस तीनपाटन गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरु माथी छलफल गरियो।

उपस्थिति

श्री कर्ण बहादुर मगर - अध्यक्ष
श्री पद्ममाया तामाङ - सदस्य
श्री गोविन्द बहादुर राउत - "
श्री हेम बहादुर श्रेष्ठ - "
श्री लाल बहादुर स्याङतान - "
श्री खड्ग बहादुर गुजेल - "
श्री दिनेश कुमार रमौली - "
श्री वीर बहादुर पुलामी - "
श्री कोमल बहादुर खपाङ्गी - "
श्री रेखराज अधिकारी - "
श्री शेर बहादुर मगर - "
श्री सूर्यहरि गुजेल - "
श्री हितलाल श्रेष्ठ - "
श्री जगदिश्वर तोलाङ्गी - "
श्री दुध कुमारी ठकुरी - "
श्री देवमाया श्रेष्ठ - "
श्री टेक बहादुर परीयार - "
श्री भगवती कुमारी श्रेष्ठ - "
श्री गीतामाया थापा मगर - "
श्री सुरेन्द्र प्रधान - सदस्य - सचिव

आमन्त्रित

श्री रामवेचन साह - स्वास्थ्य शाखा संयोजक

प्रस्तावहरु

१.ल्याव असिस्टेन्टको म्याद थप सम्वन्धमा ।

२.पशुसेवा प्राबिधिकको म्याद थप सम्बन्धमा ।

३.एम्बुलेन्स खरिद सम्बन्धमा ।

४.वाह्य खोप क्लिनिक सम्बन्धमा ।

५.गरिवि निवारणका लागि लघुउद्यम सम्बन्धमा ।

६. कृषि सेवा तथा पशु सेवा को बार्षिक कार्यक्रम सम्बन्धमा ।

७.स्वास्थ्य क्षेत्रमा करार कर्मचारी सम्वन्धमा ।

८.कर्मचारी सम्बन्धमा ।

९.कन्सल्टेन्सी सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पनटारमा ल्याब असिस्टेन्ट पदमा कार्यरत कर्मचारीको करार अबधि २०७४ पौष मसान्त सम्म मात्र रहेकोले पुन: २०७४ साल माघ १ गतेबाट २०७५ असार मसान्तसम्म ६ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा कार्यरत पशु र कृषी सेवाका प्राबिधिकको करार अवधि २०७४ पौष मसान्तसम्म मात्र भएकाले तपशिलका पशु सेवा प्रबिधिकहरुको आगामी ६ (छ) महिनाका लागि करार सेवा थप गर्ने निर्णय गरियो ।

तपशिल

१. गीता राई - ना.प.से.प्रा. - वडा नं ६ बालाजोर

२. लक्ष्मण कार्की - ना.प.से.प्रा.-वडा नं.१ बेलघारी

३. रमेश देबकोट्टा-ना.प.स्वा.प्रा.-वडा नं.९ आम्बोटे

४ जयन्त कार्की ना.प.स्वा.प्रा.-वडा नं.५ जरायोटार

५.राजकुमार किडरिङ -ना.प्रा.स.- वडा नं. ७ तोश्रामखोला

६.पबित्रा काफ्ले - ना.प्रा.स. -वडा नं. १० र ११ लाम्पनटार

७.बिकास सुनुवार -ना.प्रा.स.-वडा नं. ९ आम्बोटे ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका भित्र रहेका बेल्घारी प्राथमिक स्वास्थ्य केन्द्र र लाम्पनटार प्राथमिक स्वास्थ्य केन्द्रमा एम्बुलेन्स सेवा संचालनका लागि सम्मानित गाउँसभाबाट रकम बिनियोजन भएकाले एम्बुलेन्स खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ५, ६, र ७ मा बाह्यखोप क्लिनिक संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गरिबि निवारणका लागि लघुउद्यम कार्यक्रम यस गाउँपालिकाको वडा नं. ७ कालिमाटीमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताब नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको ११ वटै वडाहरुमा कृषि सेवा तथा पशुसेवाको बार्षिक कार्यक्रम समानुपातिक हिसाबले लागु गर्ने गरि बजेट तथा कार्यक्रम पाश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको सम्बन्धमा स्वास्थ्य शाखाका संयोजक, सामाजिक बिकास शाखा, र प्रमुख प्रशासकीय अधिकृत बाट छानविन गरि आवश्यक कर्मचारीको विज्ञापन प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७४।०५।०७ गतेको कार्यपालिकाको बैठकले जिल्ला कर्मचारी व्यबस्थापन समितिको मिति २०७४।०४।११ को निर्णय अनुसार जिल्ला समन्वय समिति, सिन्धुलीबाट रमाना भै आउनु भएका सहायक स्तर पाँचौ तहका कर्मचारी श्री मान बहादुर समाललाई सुरु तलब मात्रै दिने ग्रेड नदिने निर्णय भएकोले अन्यत्र कार्यालयहरुमा त्यसरी रमाना लिई जाने कर्मचारीलाई ग्रेट समेत उपलब्ध गराएको बुझिन आएकोले निजलाई श्रावन महिना देखिनै लागु हुने गरी रमानामा उल्लेख भए अनुसार खाइपाई आएको ग्रेड रकम, महंगी भत्ता र अन्य सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो । साथै निजको करार अवधि २०७४ पौष मसान्तमा समाप्त हुने भएकोले निजलाई पुनः ६ महिनाको करार संझौता गराई कामकाज गराउने निर्णय समेत गरियो ।